स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक तथा अभिनेता प्रकाश सपुतले अबको आफ्नो समय, ऊर्जा र अनुभव देशको लागि समर्पण गर्ने बताएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिक उम्मेदवार बनेपछि सपुतले यस्तो प्रतिक्रिया दिएका हुन्। उनले भने, "अबको मेरो जोडबल देशलाई धेरै समय दिने भन्नेमा हुनेछ। राजनीतिमा सानोतिनो भूमिका पाइयो भने देशकै लागि आफ्नो ऊर्जा समर्पण गर्ने मेरो सोच हो।"

आजको विचार...



रवि-बालेन ...
*(दुई पेजमा)*
राजन कुईंकेल



अभिनेता राजेश हमाल अभिनीत फिल्म "प्रवासी जीवन" को टिजर सार्वजनिक गरिएको छ। मंगलबार युट्युबमा सार्वजनिक टिजरमा राजेशसँगै कलाकारहरु सरिता लामिछाने, श्याम क्षेत्री, बुद्धी तामाङ, दिव्या न्यौपाने लगायत फिचर्ड छन्। उज्जवल भविष्य र लागि अमेरिका पुगेका नेपालीले त्यहाँ गर्नुपर्ने संघर्षलाई चित्रण गर्ने टिजरबाट अनुमान गर्न सकिन्छ। "

❒ वर्ष ३१ अंक १५४ ❒ २०८२ पुस १६ गते बुधबार 31 December 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### आँधीका कारण दुई लाख बढी प्रभावित

(रासस/क्युएनए)

**न्युयोर्क,** पुस १५/ प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसैंय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) ले गाजा पट्टीमा करिब दुई लाख ३५ हजार मानिस हालै आएको बायरन आँधीबाट प्रभावित भएको जनाएको छ । गत १०-१७ डिसेम्बरको बीचमा आएको आँधीले आवासिय भवनहरु ध्वस्त बनाउनुका साथै शरणार्थी शिविरहरुमा क्षति पुगेको एजेन्सिले जनाएको छ । सामाजिक सञ्जाल एक्स मार्फत युएनआरडब्लुले लामो युद्ध र विस्थापनले गाजाका मानिसहरूलाई भग्नावशेष, अस्थायी आश्रय वा जीर्ण शिविरहरुमा बस्न बाध्य पारेको पुष्टि गरेको छ । आँधीलाई "प्राकृतिक प्रकोपको रूपमा वर्णन गर्दै यसले व्यापक विनाश र इजरायलीको नरसंहार पछि सुरक्षित आश्रयको अभावले गर्दा तिव्र क्षति भएको जनाएको छ । युएनआरडब्लुएका अनुसार आँधीका कारण कम्तिमा १७ वटा भवनहरू ढलेका छन् भने ४२ हजार भन्दा बढी शिविर तथा अस्थायी आश्रयहरू क्षतिग्रस्त भएका छन्, जसले गर्दा कम्तिमा दुई लाख ३५ हजार मानिसहरू प्रभावित भएको जनाइएको छ ।

### नेपाल र भारतका पत्रकारहरुको प्रवितवद्धता

# 'मोफसलको पत्रकारितालाई अन्तर्राष्ट्रिय बहसको केन्द्रमा स्थापित गर्छौं'

**हाम्रा संवाददाता**

**लुम्बिनी,** पुस १५/नेपाल र भारतका पत्रकारहरुले मोफसलको पत्रकारितालाई राष्ट्रिय अन्तर्राष्ट्रिय बहसको केन्द्रमा स्थपित गर्ने प्रतिवद्धता जनाएका छन् । लुम्बिनीमा पुस १२ गतेदेखि भएको समाचार महोत्सव अर्थात् तेस्रो न्युज फेस्टिवलमा सहभागी दुई देशका पत्रकारहरुले यस्तो प्रतिवद्धता जनाएका हुन् ।

उनीहरुले १५ बुँदे घोणापत्र जारी गर्दै मोफसलको पत्रकारितालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसको केन्द्रमा स्थापित गर्न लुम्बिनी न्युज फेस्टिवललाई नियमित र दिगो प्लेटफर्मका रूपमा विकास गर्ने प्रतिबद्धता जनाएका छन् । उनीहरुले बुद्ध जन्मस्थल लुम्बिनीलाई धार्मिक तीर्थस्थल मात्र नभई विश्वभरकै महत्वपूर्ण पर्यटकीय स्थलसँगै




सांस्कृतिक र शान्ति संवाद केन्द्रका रूपमा प्रवर्द्धन गर्न सक्रिय भूमिका खेल्ने प्रतिबद्धता समेत जनाएका छन् । तथ्यमा आधारित, जिम्मेवार र सकारात्मक पत्रकारितामार्फत नेपाल-भारत सीमापार सम्बन्धलाई सुदृढ गर्न सञ्चारकर्मीको भूमिका प्रभावकारी बनाउने घोषणापत्रमा उल्लेख छ । त्यस्तै लुम्बिनी गुरुयोजना समयमै सम्पन्न गर्न सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै संचार क्षेत्रको भूमिकालाई सशक्त बनाउने र लुम्बिनीको पर्यटन प्रवर्द्धन, लगानी आकर्षण र आर्थिक विकासका लागि जिम्मेवार निकाय बीच सहकार्य बढाउन भूमिका खेल्ने घोषणापत्रमा उल्लेख गरिएको छ । यस्तै सीमावर्ती क्षेत्रका साझा समस्या, अवसर र सहकार्यका सम्भावना संचार क्षेत्रबाट प्राथमिकताका साथ उठाउने, नेपालर-भारत पत्रकारबीच अनुभव आदानप्रदान, सहकार्य र संयुक्त अध्ययनलाई निरन्तरता दिन क्षेत्रीय पत्रकार सञ्जाल विस्तार गर्ने तथा लुम्बिनी न्युज फेस्टिवलमा आएका सुझाव र निष्कर्षलाई कार्यान्वयनमा लैजान नियमित अनुगमन र संवादको संयन्त्र विकास गर्ने लगायत घोषणापत्रमा समेटिएको क्लबका अध्यक्ष कमल रायमाझीले बताए ।

## ६४ दल समानुपातिक सूचीमा




**पाल्पा,** पुस १५/ ६४ वटा दल समानुपातिक सूचीमा सहभागी भएका छन् । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि ६४ दलले मात्र सूची दर्ता गरेका हुन् । निर्वाचनका लागि आइतबार र सोमबार समानुपातिकको बन्दसूची बुझाउनुपर्ने समय थियो । त्यसअनुसार ६४ वटा दलले समानुपातिकमा उम्मेदवारी दिएका हुन् । निर्वाचन आयोगका अनुसार ५४ वटा दल आ-आफ्नो चुनाव चिह्नमा र १० वटा दल ४ वटा चुनाव चिह्नमा चुनाव लड्दैछन् । यसरी समानुपातिकतर्फको मतपत्रमा जम्मा निर्वाचन चिह्न ५८ वटा रहने छन् ।२७५ सदस्यीय प्रतिनिधिसभामा ११० जना समानुपातिकतर्फ निर्वाचित हुन्छन् भने १६५ जना प्रत्यक्ष निर्वाचित हुन्छन् । समानुपातिकतर्फको उम्मेदवारी दर्ता गर्ने दलहरूमध्ये १८ वटाले आ-आफ्नै चुनाव चिह्नमा चुनाव लड्ने गरी ११० सिटमै उम्मेदवारी दिएका छन् । ८ वटा दलले फरकफरक तीन वटा चुनाव चिह्नमा संयुक्त रूपमा ११० सिटमै उम्मेदवारी दिएका छन् । बाँकी ३८ वटा राजनीतिक दलले भने कम सिटमा उम्मेदवारी दिएका छन् ।

## 'स्वदेशी उत्पादन र उद्यमशीलताबाट मात्रै मुलुकको समृद्धि सम्भव छ'

**लुम्बिनी,** पुस १५/ निजी क्षेत्रका प्रतिनिधि, उद्योगी, व्यवसायी, अर्थशास्त्री, नीति निर्मातालगायतले स्वदेशी उत्पादन र उद्यमशीलताबाट मात्रै मुलुकको समृद्धि सम्भव रहेको बताएका छन् । रुपन्देही उद्योग सैद्वारा सञ्चालित १६औं औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवको अवसरमा आयोजित 'समृद्ध नेपालीको आधार: स्वदेशी उद्यमशीलताको विस्तार-समस्या र समाधान' विषयक अन्तरसंवादमा वक्ताहरूले राजनीतिक अस्थिरता, नीतिगत अन्योल, कमजोर प्रशासनिक संरचना र स्वदेशी उत्पादनप्रति राज्यको उदासीनताका कारण अर्थतन्त्रको अवस्था संकटतर्फ धकेलिएको निष्कर्षसमेत निकालेका छन् ।




कार्यक्रममा नेपाल राष्ट्र बैंककी कायममुकायम गर्भनर डा. निलम ढुङ्गानाले राजनीतिक प्रभावले अर्थतन्त्रमा असर पार्ने कुरा स्वभाविक भएको बताइन् । उनले आर्थिक परिसूचक राम्रो र विदेशी विनिमय सन्तुलन ठीक देखिए पनि मुद्रास्फीति भारतभन्दा कम रहेको र राजस्व र खर्च उत्साहजनक नदेखिएको बताइन् । "बैंक ब्याजदर न्यूनतम भए पनि बैंकमा रकम थुप्रिएको र कर्जा माग नआएको अवस्था छ । पर्यटन राम्रै छ, वैदेशिक रोजगारीले रेमिट्यान्स टिकाएको छ, जलविद्युत् उत्पादन बढ्दैछ, तर यी दीर्घकालीन समाधान होइनन्, त्यसैले बजेटभन्दा बढी अर्थनीतिमा सुधार आवश्यक छ", डा ढुङ्गानाले भनिन् । लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लिराज अर्यालले प्रदेश सरकारले तथ्यमा आधारित योजना बनाएर काम गरिएको बताइन् । "कृषि, पर्यटन र उद्योगलाई प्राथमिकता दिएर बजेट बनाइएको छ, तर प्रदेशको दायरा सीमित छ, केन्द्र सरकारमा निर्भरता बढी छ", उनले भने,"यस्तो अवस्थामा निजी क्षेत्रसँग सहकार्य गर्दै अनुसन्धानमूलक कार्यक्रम अघि बढाउनुपर्ने छ । सैंघीय संरचनाप्रति रहेको वितृष्णा कम गर्नुपर्ने छ ।" अर्थविद् डा. केशव आचार्यले अर्थतन्त्र बाहिर चम्किलो देखिए पनि भित्र कमजोर रहेको बताए । उनले नेपालको अर्थतन्त्रलाई 'कस्तुरीको नाभीजस्तै' भएको संज्ञा दिँदै बाहिर सूचक राम्रो देखिए पनि अर्थतन्त्र कमजोर बनेको विषयमा ध्यान जानुपर्नेमा जोड दिए । "केही वर्षयता आयात-निर्यात सामान्य देखिए पनि उत्पादन, रोजगारी र आन्तरिक माग कमजोर अवस्थामा छ । राजनीतिक अस्थिरताले सधैँ आर्थिक वृद्धिदरमा असर गरेको इतिहास छ । जेनजी आन्दोलनपछि त्यो अझ बढ्यो", उनले भने, "उद्यमशीलतालाई सम्मान गर्ने संस्कार नै विकास भएन । आन्दोलन हुँदा निजी क्षेत्रमाथि आक्रमण किन हुन्छ भन्ने प्रश्नमा राज्य गम्भीर हुनुपर्छ । हिजो निर्यात गरिरहेका उद्योग किन धरासायी भए भन्ने विषयमा गहिरो आत्मसमीक्षा हुनुपर्छ ।" *(बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## दललाई अवसर : पुराना सुध्रिने, नयाँ जिम्मेवार बन्ने

जेनजी आन्दोलनपछि देशले नयाँ मोड लिएको छ । देश अहिले चुनावी प्रक्रियामा प्रवेश गरेको छ । यसबीच एमालेले महाधिवेशन टुंग्याएको छ । कांग्रेस आन्तरिक किचलोमै अल्झिएको छ । केही दल फुटेका छन् । केही जुटेका छन् । युवाहरूको वैकल्पिक राजनीतिक शक्ति एक ठाउँमा उभिन थालेका छन् भने पुराना दलहरु सोच्न बाध्य भएका छन् । लामो समयदेखि नेपाली राजनीतिमा पुराना दलहरूमाथि स्थिरता दिन नसक्नु, सुशासनमा असफल हुनु र सत्ता स्वार्थमा डुब्नु जस्ता आरोप दोहोरिँदै आएका छन् । जसको फलस्वरुप जेनजी आन्दोलन भएको हो । यो युवा पुस्ताको असन्तोषको अभिव्यक्ति थियो । अब यही आन्दोलनको जगमा युवाहरूको वैकल्पिक राजनीतिक शक्ति चुनावी मैदानमा उत्रिन एक ठाउँमा उभिन थालेका छन् । खास गरी राष्ट्रिय स्वतन्त्र पार्टी, काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह र कुलमान घिसिङ एकै ठाउँमा आउनुले नेपाली राजनीतिमा स्पष्टरूपमा नयाँ ध्रुवीकरणको संकेत दिएको छ । लामो समयदेखि असन्तुष्टि, निराशा र विकल्पको खोजीमा रहेको जनमतले यो एकतालाई स्वाभाविक रूपमा चासोका साथ हेरिरहेको छ । तर यहाँ एक महत्वपूर्ण यथार्थ बुझ्न जरुरी छ । यो अवस्था न त नयाँ शक्तिले मात्तिने हो, न त पुराना शक्तिले आत्तिने । विगतमा पनि वैकल्पिक दाबी गर्दै आएका कतिपय शक्ति ख्याउटे सावित भए । कतिपय लोसे देखिए । कतिपय त इतिहासमै बिलाए । कारण एउटै थियो- स्पष्ट नीति नहुनु, संगठन कमजोर हुनु र सत्ताको पहिलो स्वादमै लहसिनु । त्यसैले यो चुनाव युवाहरूका वैकल्पिक शक्तिका लागि अवसर मात्र होइन, कठोर परीक्षा पनि हो । पुराना दललाई गाली गरेर मात्र नयाँ बन्न सकिँदैन । सुशासन, पारदर्शिता, आर्थिक दृष्टिकोण, संघीयताको व्यावहारिक कार्यान्वयन र समावेशी लोकतन्त्रबारे स्पष्ट उत्तर दिनुपर्छ । आन्दोलनको ऊर्जा नीति र कार्यक्रममै अनुवाद हुन सकेन भने जनताले दिएको मौका पनि क्षणिक हुनेछ । यो चुनाव पुराना दलहरूका लागि पनि आत्मसमीक्षाको घडी हो । जनताले बारम्बार दिएको चेतावनी बेवास्ता गर्ने छुट अब छैन । तसर्थ अब पुराना दल सुनि, नयाँ शक्ति जिम्मेवार बनेर मुलुकको विकासमा लान जरुरी छ ।

### Opinion @ Socia Network

नयाँ भन्दैमा सबै सक्षम हुदैनन् ।
पुराना भन्दैमा सबै असक्षम हुदैनन् ।
अब आउने चुनावमा कार्यकर्ता हैन जिम्मेवार मतदाता बनौं ।
भेडा नबनौं ।

*(कुमार कटेलको **फेसबुक स्टाटसबाट** www.facebook.com/Kmar.kattel)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रवि-बालेन लगनगाँठोले निम्त्याएको अवसर र चुनौती



**राजन कुइँकेल**

पुसको ठण्डी, सखारै बिहान । आइतबार बिहान झिसमिसेमा नेपालीको निद्रा खुल्दानखुल्दै नेपाली राजनीतिलाई तताउने खबर सुकेको खरमा आगो सल्केझैं सल्कियो । खबर थियो, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौं महानगरका मेयर बालेन्द्र शाह उर्फ बालेनले एकता सम्झौताको । रवि-बालेन एकताका लागि केही दिनयता घनिभूत गृहकार्य चलिरहेको थियो । चरण-चरणमा वार्ताकारहरू जुटेका थिए । स्वयं रवि र बालेनले दुई चरण अलग-अलग वार्ता गरिसकेका थिए । वार्ता सकारात्मक परिणाममा पुग्ने र नपुग्ने आँकलनहरू बजारमा छरपष्ट थिए । यी वार्तामा उज्यालो पार्टी खोलेका कुलमान घिसिङलाई पनि जोडाइएको थियो । महत्वाकांक्षाको पुलिन्दा च्यापेर लोकरिझ्याइँको राँको सल्काउँदै दौडिएका तीन पात्रको मिलन गराउन जुटेका थिए, ती पार्टीका दोस्रा तहका सहयोगीहरू । रवि र बालेनबीच पार्टी नेतृत्व र सरकार नेतृत्व पदको भागबण्डा गर्न त सजिलो थियो तर कुलमानलाई दिने पद थिएन । तीन वर्षदेखि कायम पार्टी सभापति र संगठनको हालिमुहालीमा रवि कायमै रहे । उधारो प्रधानमन्त्रीमा ल्याप्चे लगाउँदै तीन वर्षदेखि स्वतन्त्र मेयरको हैसियतमा रहेका बालेन रविलाई नेता स्वीकार्दै राष्ट्रिय स्वतन्त्र पार्टीमा विलय भए । खास खबर यति हो । तर, के रवि-बालेन लगनगाँठोले नेपाली राजनीतिमा ल्याउने परिणाम चाहिँ के होला त ?महत्वाकांक्षाको विमानमा सवार उनको पनि पार्टीदेखि सरकारसम्ममा नेतृत्व गर्ने दावा थियो । दुई पद दुईजनाले भागबण्डा गरिसकेपछि कुलमानलाई दिन बाँकी थिएन । 'दुई केटा'को अन्तर्गत बस्न बिजुली अयाबाट कमाएको लोकरिझ्याइँले उनलाई दिएन । एकताको आइतबारे खबरमा उनी छुटे । रवि र बालेन एउटालाई पार्टी नेतृत्व र अर्कालाई आउँदो प्रतिनिधिसभामा संसदीय दल र सरकारको नेतृत्व दिनेगरी सहमतिपत्रमा हस्ताक्षर गर्न राजी भए । गराइयो । तीन वर्षदेखि कायम पार्टी सभापति र संगठनको हालिमुहालीमा रवि कायमै रहे । उधारो प्रधानमन्त्रीमा ल्याप्चे लगाउँदै तीन वर्षदेखि स्वतन्त्र मेयरको हैसियतमा रहेका बालेन रविलाई नेता स्वीकार्दै राष्ट्रिय स्वतन्त्र पार्टीमा विलय भए । खास खबर यति हो । तर, के रवि-बालेन लगनगाँठोले नेपाली राजनीतिमा ल्याउने परिणाम चाहिँ के होला त ? यसको चर्चा इतिहासमा दर्जका लागि आवश्यक छ ।

**जेन-जी विद्रोह, आक्षेप, पटाक्षेप र पद लिप्तताको सन्देश**

रवि-बालेन मिलनको पटकथा २३/२४ भदौको जेन-जी विद्रोह, विध्वंश र रिक्तताबाट थालनी हुन्छ । तत्कालीन ओली (केपी ओली नेतृत्वको नेकपा एमाले (नेपाली कांग्रेस गठबन्धन) सरकारले एकाएक गरेको सामाजिक सञ्जाल बन्दको विरोध र सुशासन माग गर्दै नयाँ पुस्ताका युवा सडकमा उत्रिएका थिए । शान्तिपूर्ण रूपले थालनी भएको युवाको प्रदर्शन मध्यान्तरतिर नपुग्दै घुषपैठ र नचिनेका अनुहारले हिंसात्मक बाटोतर्फ मोडिदियो । तत्कालै प्रदर्शन आह्वान गर्ने युवाहरूले वक्तव्य जारी गर्दै घुषपैठ भएको भन्दै विद्यार्थी र युवालाई घर फर्कन आह्वान गरे ।
अर्कातर्फ, युवाको प्रदर्शनमा स्वार्थ समूह र तत्वले हिंसा भड्काउन सक्छन् । त्यो आकारमा मानिसको प्रवेश हुनसक्छ भन्ने सामान्य सुरक्षा आँकलन सरकारसँग भएको देखिएन । बरू माइतीघरबाट अघि बढेको भिड नियन्त्रण गर्न जुन मात्रामा सुरक्षा तयारी हुनु पर्दथ्यो, त्यो थिएन । युवाका पवित्र माग र निश्चलतालाई ढाल बनाएर सुरक्षा ब्यारिगेड भत्काउँदै अगाडि बढेको घुषपैठी भिडले उत्तेजना फैलाउन थाल्यो । उत्तेजित भिड संसद् भवन अगाडि पुग्यो । प्रहरीका लाठीचार्ज, पानीको फोहरादेखि अश्रुग्याँससम्मलाई प्रतिरोध गर्ने भिड युवाभन्दा बढी प्रशिक्षित झुण्ड देखिन्थे । युवालाई उत्तेजनामा ल्याउने र भाग्नेमा उनीहरू सिपालु देखिन्थे । संसद् भवनका पर्खालसम्म तोडफोडमा भिड उत्रिएपछि सरकारका सुरक्षा संयन्त्रहरूले विवेक गुमाए । भिड नियन्त्रणमा गोलीसम्म चलाउनु पर्दा पालना गर्नुपर्ने सुरक्षा प्रोटोकलभन्दा अन्धाधुन्ध गोली बर्साइए । प्रशिक्षित झुण्ड त भागे तर एकपछि अर्को गर्दै अबोध युवाहरू मारिए । संसद् भवनअगाडि युवाको रगतको भेल बग्यो । सरकारले कर्फ्यु नै जारी गर्‍यो । साँझसम्म पुग्दा झण्डै दुई दर्जन युवा अनाहकमा मारिए ।
२३ गतेको यो बर्बरता देखेकाहरू भोलिपल्ट बिहानैदेखि सडकमा उत्रिए । सरकारले भने २४ गते बिहानैदेखि शहरभरी निषेधाज्ञा लगायो । सरकारी कर्फ्यु असफल देखियो । आक्रोशित जनसागरमा स्वार्थको रोटी सेक्न पुगेकाहरू योजनाबद्ध ढंगले परिचालित देखिए । संसद् भवनदेखि, सिंहदरबार, सर्वोच्च अदालत हुँदै व्यक्तिका निजी घरसम्पत्ति, व्यापारिक प्रतिष्ठानमाथि देशैभर करिब एकसाथ आगो लगाइयो । देश युद्धभूमिझैं देखिन थाल्यो । सुरक्षा निकायको उपस्थिति नगण्य थियो । सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन हुँदै व्यापारिक प्रतिष्ठानहरू ह्र्वाह्वार्ती जलाइँदा देशको सेनासम्मका सुरक्षानिकाय मूकदर्शक बनेको आक्षेप लाग्यो । दिन सकिएर साँझ ढल्दा आममानिस त्रसित थिए । कोही सुरक्षित अनुभव गरिरहेका थिएनन् । यहीबीचमा राति ८ बजे सेनाले वक्तव्य जारी गर्दै राति १० बजेबाट सेना परिचालित हुने भन्दै सडकमा रहेकाहरूलाई घर फर्कन आह्वान गर्‍यो । यही त्रासदमा एकसाथ देखिए, रवि र बालेन । देश जलिरहँदा र आँखा अगाडि सन्निकट संकट देखिरहँदा हरमानिस उत्तेजित समूहलाई रोक्न बालेनलाई आह्वान गरिरहेका थिए । यसको कारण थियो, युवाको प्रदर्शनमा बालेनले गरेको समर्थन । पुराना नेता र दलप्रतिको आक्रोश मत्थर पार्न सक्ने युवा मेयर भएका कारण उनको खोजी गरिएको थियो । सेना अघि सरेपछि सेनासँग वार्तामा बस्न, संसद् विघटनको माग राख्न र आगजनी र लूटपाट रोक्न उनले अपील गरे । अघिल्लो दिन पानी बाँढ्ने भूमिकामा देखिएका सुधन गुरुङ नामक पात्रलाई उनले यी सबै प्रक्रियामा सामेल गराए ।युवाहरू जंगी अयामा सेनाप्रमुखसँग वार्तामा पुगे । सेनाको अग्रसरताप्रति असन्तुष्ट रक्षा बमलगायतका युवाले 'के सेनाले कू गर्न खोजेको हो ?' भन्नेसम्मको प्रश्न राख्नुपर्ने अवस्था आयो । युवाहरूले परिस्थिति सम्हाल्न र प्रधानमन्त्रीको जिम्मेवारी लिन बालेनलाई पटक-पटक आग्रह गरे । उनी आफैं यस पदका लागि तयार भएनन् । बरू सेना मुख्यालयमा भएको वार्तालाई राष्ट्रपति कार्यालयमा पुऱ्याउन, संसद् विघटन गराउन, पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री स्वीकार्न सम्मका मार्गचित्र बालेनको मागबमोजिम हुँदै गए । बालेनन देखिएर देखिने भूमिकामा खेलिरहँदा उता सहकारी ठगी अभियोगमा कैदखानामा समय कटाइरहेका रवि भने एकाएक जेलको ढोका तोडेर सडक प्रदर्शनमा उत्रिए । आगजन नागरिक त्रासको सिरानीमा रहँदा जेल तोडेर बाहिर ल्याइएका रवि हुट हटाइएको गाडीमा रातमा 'रोड सो' मा उत्रिए । जसको तीव्र आलोचना भएपछि केही समयपछि उनी आफैं फेरि जेल फर्किएका थिए । प्रधानमन्त्री पद सम्हाल्ने आकांक्षाले जेलबाहिर आएको र लुकेर देश जलाएको आरोप रवि-बालेनलाई आरोपित गर्नेहरूको संख्या बढ्यो । कुनै बेला काठमाडौं महानगरका लोकप्रिय मेयर बालेनलाई 'लुसिफर' संज्ञाले सम्बोधन गरिन थाल्यो । सरकारमा पठाइएका मन्त्रीहरूको संलग्नता र कुण्डली खोजेर विदेशी संस्था र पात्रहरूसँग जोड्ने काम भए । अमेरिका र पश्चिमाहरूको षड्यन्त्रमा सरकार अपदस्थ गरिएको र देश जलाइएको आक्षेपहरू निरन्तर लगाइए ।राष्ट्रपति रामचन्द्र पौडेलले सरकार गठन गर्दै ६ महिनाभित्र फागुन २१ मा निर्वाचन गराउने कार्यदिशसहित सुशीला कार्की नेतृत्वमा गैरदलीय सरकार गठन गरेको चार महिनापछि रवि-बालेन जोडी बनेको छ । पुराना दलहरूमाथि सत्तालोलुपता, भ्रष्टाचार, अनियमितता र अपारदर्शितको आरोप लगाउँदै विकल्प बन्छौं भन्ने घोषणा गरेका रवि-बालेन गठजोडको आधार पनि सत्ता नै बनेको छ । अर्थात् रविलाई सभापतिसहित रास्वपाको संगठन र बालेनलाई अब बन्ने प्रतिनिधिसभाबाट प्रधानमन्त्री । अबको चुनावबाट बालेन नै प्रधानमन्त्री बन्लान् वा नबन्लान्, आसन्न प्रधानमन्त्री पदका अवसर र जोखिम के कस्ता छन् त्यो अर्को कुनै दिन फेरि बहस गरौंला । अहिलेलाई चाहिँ यत्ति भन्न सकिन्छ कि केही शंकाहरू पटाक्षेप हुँदै गर्दा वैकल्पिक नेतृत्व दाबी गर्ने यी दुईको पनि आधार गम (ग्लु) पद नै बनेको छ ।रविलाई सभापतिसहित रास्वपाको संगठन र बालेनलाई प्रधानमन्त्री तोक्दा अबको चुनावबाट बालेन नै प्रधानमन्त्री बन्लान् वा नबन्लान्, आसन्न प्रधानमन्त्री पदका अवसर र जोखिम के कस्ता छन् त्यो बहसको फरक विषय हो । अहिलेलाई चाहिँ यत्ति भन्न सकिन्छ कि केही शंकाहरू पटाक्षेप हुँदै गर्दा वैकल्पिक नेतृत्व दाबी गर्ने यी दुईको पनि आधार गम (ग्लु)पद नै बनेको छ ।

**पुराना दलमाथि थपिएको चुनौती**

हो, यति बेला सबैभन्दा बढी आलोच्य र प्रहारमा पुराना भनिएका दल र तिनका नेतृत्व छन् । आगामी निर्वाचन यिनका लागि फलामको च्यूरा बन्ने नै छ । त्यसमाथि रवि-बालेनको जोडी यात्राले झन् चुनौती थप्ने निश्चित छ । पटक-पटक सून, भ्रष्टाचारमा आलिप्त भएकाहरूलाई कारबाही प्रक्रियामा ल्याउन र पारदर्शी राज्यव्यवस्था अपनाउन नागरिकबाट गरिएका पटक-पटकका आग्रहलाई कांग्रेस, एमाले र माओवादीसहितका पुरानादलका नेतृत्वले कहिल्यै गम्भीरतापूर्वक लिएनन् । २३/२४ भदौको जेन-जी विद्रोहले थपेको चुनौतीपछि पनि उनीहरूले आफूलाई सुधारको बाटोमा उभ्याएनन् । एमालेले केपी ओलीकै नेतृत्वमा महाधिवेशनमार्फत् पार्टीलाई अगाडि ल्यायो ।कांग्रेस नेतृत्व परिवर्तनका मागकर्ताहरूलाई किनारामा धकेल्ने र अनुदार सोचहरूले निरन्तर पार्टी सत्ता कब्जा गर्ने बाटोमै छ । भदौ सुनामीपछि नेतृत्वको कार्यकारी अधिकार उपसभापतिलाई सुम्पिएर हिँडेका शेरबहादुर देउवा फेरि सभापतिको सक्रिय भूमिकामा फर्किएका छन् । उदारवादी लोकतान्त्रिक व्यवस्थाका लागि संघर्ष गरेका दलहरू सुिएर आऊन् भन्ने जनचाहना पूरा नहुँदा कमसेकम आशन्न निर्वाचन यी दलहरूका लागि सजिलो पक्कै छैन ।

**सदाचार, सहकारी ठगीको आरोप र दण्डहीनता**

विकल्प बन्न चाहेको रास्वपाका सभापति आफैं सहकारी ठगीको आरोपबाट घेरिएका छन् । उनीमाथि दर्जनौं अदालतमा मुद्दाको चाङ छ । धरौटीमा बाहिर निस्किएर उनी पार्टी गतिविधिमा फर्किएका सम्म हुन् । रवि-बालेनबीचको सहमतिका बुँदा जनताले चाहेको सदाचारिता, पारदर्शिता र दण्डहीनता अन्त्यका विषयमा मौन देखिनु सुखद् होइन । त्यसैले आसन्न निर्वाचन फगत चुनावी गणित र नयाँ पुरानाको दोहोरीमै सीमित बन्ने देखिन्छ । यति चाहिँ हो कि, सधैं कालो चश्मामा लुकेर बस्ने बालेनले यसपटक चश्मा खोलेर पद बाँडफाँडको सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । आउँदा दिनमा अँध्यारा कोठाभित्रै बसेर गोटी चाल्नेछन् वा जनतासँग आँखा जुधाएर समस्याको समाधान दिने वाचा, त्यो भने हेर्न बाँकी छ । यो एकता नेपालमा बढ्दो कम्युनिष्ट मत नियन्त्रणका लागि पनि महत्वपूर्ण छ । पहिलो प्रहार कांग्रेसको मताधारमा पर्ने भए पनि दूरगामी रूपमा कम्युनिष्ट जनमतमा प्रहार हो । त्यसका लागि यी दुईको एकता कति बलियो, लामो समय टिक्छ र जनआकांक्षा कसरी पूरा गर्छन् भन्नेमा निर्भर हुनेछ ।

***-इहिमालय टाइम्स***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेशामा सहयोग मिल्ने छ ।परिश्रमले राम्रो लाभ उठाउन सकिनेछ । | **तुला** :सफलता मिल्नेछ ।जीवनसाथीको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ । |
| **वृष** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ । परीक्षामा संघर्ष गर्नुपर्ला। | **वृश्चिक** : खर्च बढ्नेछ । शुभचिन्तकको कुराहरूलाई वेबास्था नगर्नुहोस्। |
| **मिथुन** : नयाँ योजनातर्फ अग्रसर भइनेछ । शत्रुहरूले झुक्याउन सक्लान् । | **धनु** : गुरुजनहरूको साथ मिल्नेछ । सफलता मिल्नेछ । |
| **कर्कट** : भविष्यलाई लिएर योजनाहरू कोरिनेछन् । आयस्रोत सबल रहनेछ । | **मकर** :प्रयत्न गर्दा लाभ हुनेछ ।कीर्तिमान काम गर्ने समय रहेको छ । |
| **सिंह** : धार्मिक स्थलमा घुमफिरका योग छन् । व्यक्तित्वमा निखार आउनेछ । | **कुम्भ** :प्रतिक्षा गरेको काम छिटै सम्पादन हुनेछ । भाग्यको साथ पाइनेछ । |
| **कन्या** :खानपिनमा सजगता अपनाउनुहोस् । बोलिको विपरीत अर्थ लाग्नेछ । | **मीन** : पारिवारिक सद्भावमा वृद्धि हुनेछ । स्वादिष्ट भोजनको आनन्द मिल्ला । |

## कला मनोरञ्जन

# यो हो यस वर्षको सर्वाधिक हिट बलिउड फिल्म



**नयाँ दिल्ली,** २०२५ भारतीय सिनेमाका लागि निकै सफल वर्ष साबित भएको छ । वर्षभरि प्रदर्शनमा आएका धेरै चलचित्रले उल्लेखनीय आम्दानी गरे । सैयारा, एक दिवाने की दिवानियात र तेरे इश्क में जस्ता रोमान्टिक चलचित्रले राम्रो प्रतिक्रिया पाए भने धुरंधर, छवा र कान्तरा च्याप्टर-१ उच्च आम्दानी गर्ने चलचित्रमध्ये परे । तर तीमध्ये कुनै पनि चलचित्र वर्षको सबैभन्दा ठूलो हिट बन्न सकेनन् । यस वर्षको सर्वाधिक हिट चलचित्रको उपाधि भने ५० लाख रुपैयाँको बजेटमा बनेको सानो गुजराती चलचित्रले पाएको छ । ५० लाख भारुको बजेटमा बनेको गुजराती चलचित्र ‘लालो: कृष्ण सदा सहायते’ २०२५ को सबैभन्दा ठूलो हिट बनेको छ । यो चलचित्र अहिलेसम्मकै सबैभन्दा धेरै कमाउने गुजराती चलचित्र बनेको छ । फिल्मले बक्स अफिसमा १२० करोड भारु कमाएको छ । लगानीका आधारमा यो भारतीय सिनेमाको इतिहासमै सबैभन्दा धेरै नाफा कमाउने चलचित्र बनेको छ । चलचित्रले करिब २४ हजार प्रतिशत नाफा कमाएको बताइएको छ । ‘लालो: कृष्ण सदा सहायते’ले यसअघि आमिर खानको चलचित्र सेक्रेट सुपरस्टार ले बनाएको रेकर्ड तोडेको छ । जायरा वसीम अभिनीत सेक्रेट सुपरस्टार १५ करोड भारुको बजेटमा बनेको थियो र यसले करिब ९०० करोड भारु आम्दानी गरेको थियो । सो चलचित्रको नाफा करिब ६ हजार प्रतिशत रहेको थियो ।

‘लालो: कृष्ण सदा सहायते’ मा कुनै ठूला स्टार छैनन् । चलचित्रमा न गीत छन्, न नृत्य, न त एक्सन नै । यो एक भक्तिपूर्ण नाटकमा आधारित चलचित्र हो । यति हुँदाहुँदै पनि यसले थुप्रै ठूला ब्लकबस्टर चलचित्रलाई पछि पार्दै सर्वाधिक हिट बन्न सफल भएको छ । अंकित सखियाद्वारा निर्देशित यस चलचित्रमा रिवा रमछ, श्रुहद गोस्वामी, गरेका छन् । चलचित्र २०२५ अक्टोबर १० मा हलमा रिलिज भएको थियो ।-*एजेन्सीएजेन्सी*

# रास्वपाको समानुपातिक सूचीमा परे कला क्षेत्रका यी चर्चित अनुहारहरू



राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचन आयोगमा बुझाएको ११० जना समानुपातिक उम्मेदवारको सूचीमा कला क्षेत्रका चर्चित अनुहारहरू समेत रहेका छन् ।

गायक तथा अभिनेता प्रकाश सपुत समानुपातिक सूचीमा छन् । उनी सूचीको ७४ औं नम्बरमा छन् । दलित क्लस्टरबाट उनी दोस्रो नम्बरमा छन्। पूर्व मिस नेपाल अनुष्का श्रेष्ठ समानुपातिक सूचीमा परेकी छिन् । उनी २०१९ को मिस नेपाल विजेता हुन्। उनी आदिवासी महिला क्लस्टरको चौथो नम्बरमा छिन् । त्यस्तै होस्ट तथा अभिनेत्री रीमा विश्वकर्मा रास्वपाको समानुपातिक सूचीमा परेकी छन् । उनी दलित महिला क्लस्टरबाट पहिलो नम्बरमा परेकी छन् । फिल्म निर्माता, अभिनेता तथा टेलिभिजन प्रस्तोता आसिफ शाह मुस्लिम क्लस्टरबाट पहिलो नम्बरमा छन् । गायिका सत्यकला राई र त्रिसाला गुरूङ पनि सूचीमा छन् । सोमबार दिनभरि ऊर्जामन्त्री कुलमान घिसिङलाई पनि एक ठाउँमा ल्याउनका लागि लामो छलफलपछि रास्वपाले सोमबार राति मात्रै समानुपातिक उम्मेदवारको बन्द सूची बुझाएको थियो।-*सेतोपाटी*

# अमेरिकामा रोमान्टिक धुर्मुस–सुन्तली

**काठमाडौं,** कलाकार जोडी सीताराम कट्टेल ‘धुर्मुस’ र कुञ्जना घिमिरे ‘सुन्तली’ अहिले अमेरिकामा छन् । ग्रीनकार्ड लिइसकेका धुर्मुस-सुन्तलीले छोरीको उपचारको लागि अचानक अमेरिका जानुपरेको बताएका थिए । नेपालमा ब्यापक खोजी गरिएपछि सुटुक्क अमेरिका हानिएका धुर्मुस-सुन्तलीले निकै लामो बकपत्र फेसबुकमा पोस्ट गरे । जहाँ, क्रिकेट रंगशाला बनाउँदा लागेको ऋण तिर्न सरकारले स्वामित्व नलिएको देखि धेरै कुरा उल्लेख थिए । यतिबेला धुर्मुस-सुन्तली पुन: चर्चामा छन् । चर्चामा आउनुको कारण हो -कुञ्जनाले आफ्नो टिकटक एकाउन्टमा एकपछि अर्को गरि रोमान्टिक भिडियो पोस्ट गरिरहेकी छिन् । क्रिसमस सेलिब्रेसनदेखि अमेरिकी सडकमा रमाउँदै हिँडेको टिकटक भिडियो उनीहरूले पोस्ट गरिरहेका छन् । ‘यस्तै होला माया भन्ने’ गीतमा कुञ्जनाले बनाएको भिडियोमा उनीहरू प्रफुल्ल हुँदै रमाएको देख्न सकिन्छ । ‘हरेक सुखदु:खमा साथ साथ हुन पाइएको छ बुढु, त्यसैमा चित्त बुझाउनुपर्छ । मेरी क्रिसमस’ कुञ्जनाले सीतारामलाई क्रिसमस शुभकामना दिँदै लेखेकी छिन् । अर्को टिकटक भिडियोमा परिवारसहित क्रिसमसका व्यञ्जन तयार पार्न लागेको भिडियो छ । अर्को भिडियोमा छोरी सुविहानीले गाउन सिक्दै गरेको भिडियो हालिएको छ । कुञ्जनाले धमाधम पोस्ट गरिरहेका यी टिकटक भिडियोलाई लिएर सामाजिक सञ्जालका प्रयोगकर्ता विभाजित देखिन्छन् । *-अनलाईन खबर*

# ‘पलैंटी’मा गुञ्जिए आभासका संगत र सहकार्यका धुन



**काठमाडौं,** गत शुक्रबार र शनिबार साँझ कालिकास्थानस्थित नेपालयको ‘आर’शालामा संगीतकार आभासको सिर्जनात्मक पलैंटी सम्पन्न भएको छ । आभासका सांगीतिक धुन समेटिएको यसपालिको पलैंटीलाई ‘संगत र सहकार्य’ शीर्षक दिइएको थियो । कार्यक्रममा विभिन्न सर्जकका १५ वटा गीति रचना प्रस्तुत भएका थिए । कार्यक्रमलाई आभास आफैंले ‘न्यारेट’ गर्दै गीति रचनाहरू प्रस्तुत गरेका थिए । कार्यक्रमको सुरुवात उनले पहिलो पल्ट स्टेजमा गाएको एकल गीत ‘भुइँ कुहिरो उड्न थाल्यो’ बाट भएको थियो । संगीतकार तथा गीतकार चन्द्र भण्डारीले सिर्जना गरेको यस गीतमा वैचारिक दृढताको अनुभूति झल्कन्थ्यो । हरेक गीतको प्रस्तुतिसँगै आभासले त्यस गीतसँग जोडिएको रचनागर्भको चर्चा गरेका थिए । जसमा कहिले गीतकार जोडिन आइपुग्थे भने कहिले संगीतकार । कहिले रोचक संस्मरण जोडिन आइपुग्थे भने कहिले भावुक सम्झना । मीठो मुस्कानसहित प्रस्तुत भएका आभास कार्यक्रमको शीर्षक अनुरूप ‘संगत र सहकार्य’कै वरपर घुमिरहेका सुनिन्थे । दोस्रो र तेस्रो प्रस्तुतिमा आभासको पहिलो सांगीतिक एल्बम ‘पलापला’ मा संग्रहित गीत रहेका थिए । उनले आफ्नै शब्द रचनाको ‘आँसुले यो मन बहकिन्छ’ पछि कवि तथा गीतकार विप्लव प्रतीकले सिर्जना गरेको ‘जीवनभर टिठ्याइ रह्यो मलाई जिन्दगीले’ गाएका थिए । आभासले आफ्ना पुराना तीनवटा गीत प्रस्तुत गरिसकेपछि पलैंटीमा सम्लग्न नयाँ पुस्ताकी कण्ठ-शिल्पी अभिज्ञा घिमिरेलाई प्रस्तुत गरेका थिए । सुरुमा आफ्ना लागि आफै शब्द रचना गर्ने गरेको जानकारी दिँदै आभासले क्रमश: गीतकार विप्लव प्रतीक र श्रवण मुकारुङसँग संगत भएपछि अन्य गीतकारका शब्दहरूमा पनि आकर्षित भएको जनाएका थिए । चौथो प्रस्तुतिमा अभिज्ञाले श्रवण मुकारुङको गीत ‘हजुर हजुर म पो हजुरको’ प्रस्तुत गरेकी थिइन् । पाँचौं र छैठौं प्रस्तुति पनि अभिज्ञाकै कण्ठमा गुन्जिएका थिए । जसमा कवि मञ्जुलको शब्द रचना ‘कुर्नु कुरिसकेपछि पर्वतले जून पायो’ र महाकवि लक्ष्मीप्रसाद देवकोटाको रचना ‘जिन्दगीको मौसम रहँदै खन खन दिलको खेत’ रहेका थिए । ‘कुर्नु कुरिसकेपछि’ बोलको गीत गायक फत्तेमानको सांगीतिक एल्बम ‘फत्तेमान ७० मा’ संग्रहित गीत थियो । यसपालिको पलैंटीमा आभासले आफूले धुन भरेका पाँचवटा बिल्कुल नयाँ सिर्जनाहरू रहेको जानकारी गराएका थिए । नयाँ गीत सुनाउने क्रममा आभासले सबैभन्दा पहिले कुमार नगरकोटीको शब्द रचनामा ‘कहिले घाम कहिले पानी, जिन्दगानी, कहिले धुवाँ कहिले खरानी, जिन्दगानी’ प्रस्तुत गरेका थिए । यमन रागको झलक रहेको यस गीतले निषाद स्वरमा विश्राम लिँदा, पानीकै तरलताको अनुभूति झल्काउँथ्यो । त्यसपछि श्रवण मुकारुङको नयाँ गीति रचना ‘तिमीलाई भेट्न भनेर, नौ डाँडा काटी म आएँ’ प्रस्तुत भएको थियो । दादरा तालमा आवद्ध यस गीतलाई अभिज्ञा घिमिरेले नै स्वर दिएकी थिइन् ।प्रस्तुतिका क्रममा आभासले आृनो सांगीतिक सिर्जना कर्ममा नयाँ नयाँ गीतकारहरू जोडिँदै आएको जनाएका थिए । त्यही क्रममा उनले पश्चिम बङ्गलको सिलगढीमा रहेर कविता तथा गीतमा कलम चलाइरहेका सञ्जय बान्तवाको शब्दमा रहेको ‘नसुनाऊ मलाई धेरै झुठा तिम्रा कुरा’ प्रस्तुत गरेका थिए । आभासले सिमाना पारिका नेपालीभाषी गीतकारलाई आफ्नो धुनमा समेट्न पाएकोमा खुसी व्यक्त गरेका थिए । यही सन्दर्भलाई जोड्दै उनले आफूलाई गायनमा साथ दिइरहेकी अभिज्ञा घिमिरेतिर फर्कँदै गीतकार नरदेन रुम्बाको गीत ‘जुनेली त चोखै हुन्छ जुनभरि दाग होला’ गाउन इशारा गरेका थिए । अभिज्ञा कलिलै उमेरकी भएपनि उनको गायकीमा आकर्षक परिपक्वता झल्कन्थ्यो ।नयाँ सिर्जनाको प्रस्तुतिका क्रममा गीतकार दिनेश अधिकारीको ‘यसरी नै रमाउनु, यसै नै यसरी नै रिसाउनु’ बोलको गीत प्रस्तुत भएको थियो । संगीतकार आभासले रोमान्टिक मुडको यो रचना आफ्नो सबैभन्दा कान्छो धुन भएको जानकारी गराएका थिए । त्यसपछि पालो आएको थियो कवि तीर्थ श्रेष्ठको प्रसिद्ध कविता ‘हिउँमा लेखिएका नाम’ को । कवि तीर्थको यस कवितालाई आभासले गीतमा रुपान्तरण गरेर आृनो सांगीतिक एल्बम ‘ल्यामपोस्ट’ मा संग्रहित गरेका छन् । जसलाई पलैंटीका श्रोता, दर्शकले अत्यधिक रुचाउँदै आएका छन् । सधैं आभासले गाउने यस गीतलाई यसपाली भने सामूहिक गायनमा प्रस्तुत गरिएको थियो । काव्यात्मक सौन्दर्यमा सजिएका शब्दलाई धुन भर्न रुचाउने आभासले कवि श्रवण मुकारुङको एउटा काव्यात्मक गीतलाई द्वन्दकालताकादेखि नै गाउँदै आएका छन्, ‘गौथली झैं यो गाउँमा कसको मायाले भन तिमी आयौ’ । यो गीतलाई यसपालि अभिज्ञा घिमिरेको स्वरमा प्रस्तुत गरिएको थियो । अभिज्ञाले यो गीतलाई पनि प्रभावकारी ढंगले प्रस्तुत गरेकी थिइन् । कार्यक्रमको पुछारतिर आभासले आफ्नो प्रसिद्ध गीति रचना ‘गोधुलीमा हिँड्ने एउटा जिउँदो मान्छे, संसारलाई फेर्छु भन्थ्यो, आफै फेरिएछ’ प्रस्तुत गरेका थिए । यो गीतले नेपालको राजनैतिक नेतृत्वलाई करुणापूर्वक व्यङ्ग्य गरेको प्रतीत हुन्थ्यो । यसपालिको पलैंटीको समापन रमाइलो ढंगले भएको थियो । आभासले कवि तथा गजलकार बुँद रानाको गजल ‘पिउँदै नपिउने मान्छे पिएँ अलिकति’लाई मौलिक तरिकाले प्रस्तुत गरेका थिए । आफ्ना गुरु अम्बर गुरुङ र अग्रज सर्जक भीमबिरागसँगका अन्तर’ क्षणहरूको स्मरण गर्दै उनले बैठकी शैलीमा यस गजललाई प्रस्तुत गरेका थिए । अम्बर गुरुङकै उपस्थितिमा पलैंटीमा निक्कै वर्ष पहिले आभासले गाएको यस गजलले नयाँ रौनक उत्पन्न गराएको थियो । पलैंटीलाई अब संसारभरिको जुनसुकै कुनामा रहेर पनि प्रत्यक्ष अनुभव गर्न सकिने भएको छ । यसले आृनो ‘लाइभ’ प्रसारण पनि थालनी गरेको छ । अनलाइनमा निश्चित शुल्क बुझाएपछि आृनो मोबाइल, कम्प्युटर, टिभी जेमा पनि पलैंटीको आनन्दमयी संगीतलाई निकटबाट अनुभूत गर्न सकिन्छ । त्यसनिम्ति पलैंटीको वेबसाइटमा सामान्य प्रक्रिया अपनाए पुग्छ । यसपालीको पलैंटीलाई जर्मनीको ओग्स्बर्गबाट प्रत्यक्ष हेरेकी रेनाटे साम्बोकको प्रतिक्रिया थियो- ‘प्रविधिको कस्तो चमत्कार ’ नेपालयको ‘आर’शालामा भएको सांगीतिक गतिविधिलाई आफ्नै घरमा बसेर अनुभव गर्न पाएँ ।’ यसपालीको पलैंटीमा वाद्यवादनतर्फ दिनेशराज रेग्मी (किबोर्ड), सुन्दरकुमार महर्जन र मिलेश तण्डुकार (रिदम सेक्सन) मिलन घिमिरे (बाँसुरी), कृपेश लोहनी (बेस गिटार) र प्रविन पुलामी मगर (रिदम गिटार) को सहभागिता रहेको थियो । अंग्रेजी महिनाको अन्तिम शुक्रबार, शनिबार प्रस्तुत हुने पलैंटीमा आउँदो महिना कवि तथा लेखक भूषिता वशिष्टको काव्यात्मक प्रस्तुति हुने भएको छ ।- **अनलाइन खबर**

# रैनादेवीमा छैटौं राष्ट्रपति रनिङ शिल्ड सुरु



**कृष्ण पोखरेल**

**पाल्पा,** पुस १५/ जिल्लाको रैनादेवी छहरा गाउँपालिकामा छैटौं पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ । विद्यालय भित्र लुकेर रहेका खेल प्रतिभाहरूको पहिचान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउने, विद्यार्थीहरुको शारीरिक, मानसिक तथा नैतिक विकास गराउने अभियानका साथ ३ दिने प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगिताले विद्यालय तहका बालबालिकामा खेलकुदको विकास, प्रतिभा पहिचान र स्वस्थ जीवनशैली विकास गर्न महत्वपूर्ण भुमिका खेल्नेछ । प्रतियोगितामा १२ माध्यमिक, २ वटा आधारभुत गरी १४ वटा विद्यालयका ३२४ जना विद्यार्थीहरु विभिन्न खेलमा सहभागी भएका छन् । गाउँपालिका शिक्षा शाखाको आयोजनामा भएको प्रतियोगितामा छात्र, छात्रातर्फ, भलिवल, कवड्डी, एथेलेटिक्सतर्फ एक सय मिटर, दुई सय मिटर, आठ सय मिटर र पन्ध्र सय मिटरसम्म दौड, फिल्डतर्फ हाईजम्प, लम्जम्प, त्रिपल जम्प ज्यावलिङ् थ्रो लगायतका खेलहरु सञ्चालन हुने छन् । पुस १४ गते देखी १६ गते सम्म सञ्चालन हुने प्रतियोगिता वडा नं. ५ को कटौजेपानी पालिकास्तरीय खेलमैदानमा भएको छ । प्रतियोगिताको शुभारम्भ गर्दै गाउँपालिकाका अध्यक्ष रुक्माङ्गत भट्टराईले बालबालिकामा अनुशासन, आत्मविश्वास, सहकार्य, नेतृत्व क्षमता र प्रतिस्पर्धात्मक भावना विकास गर्न प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने बताए ।प्रतियोगिताले बालबालिकाको शारीरिक तन्दुरुस्ती सुधार्नुका उनीहरुको मानसिक तनाव कम गर्न, पढाइप्रति एकाग्रता बढाउन र नकारात्मक क्रियाकलापबाट टाढा राख्न मद्दत गर्ने अध्यक्ष भट्टराईले बताए । खेलकुदमार्फत बालबालिकाको सबै खाले विकास गर्न, बालबालिकालाई जित्ने र सिक्ने अभ्यास गराउन महत्वपूर्ण भमिका रहने पालिका उपाध्यक्ष युवराज थापाले बताए ।

प्रमुख प्रशासकीय अधिकृत विवेक रणपाल परियारले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट स्थानीय स्तरमै खेलकुद संस्कृतिको विकास गराउनुका साथै स्वस्थ, अनुशासित र सक्षम जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउने बताए । सामाजिक विकास समितिका संयोजक प्रदिप पौडेलले प्रतियोगिताले नयाँ खेलाडीको उत्पादन, ठाउँ-ठाउँमा खेलमैदान निर्माण, खेलकुद पूर्वाधार विकास, प्रशिक्षक उत्पादन र खेल पर्यटनको विकास गराउने बताए । प्रतियोगिताको माध्यमबाट पालिकालाई जिल्ला, प्रदेश हुँदै देशव्यापी चिनाउने, नयाँ नयाँ खेलाडी उत्पादन तथा पहिचान हुने शिक्षा शाखा प्रमुख तेज कुमालले बताए । प्रतियोगिताले बालबालिकाको सर्वाङ्गीण विकास, समाजमा सकारात्मक ऊर्जा प्रवाह तथा पालिकाको गतिविधीलाई चलायमान, सिङ्गो पालिकालाई एकताबद्ध बनाउन भुमिका खेलेको छ । पालिका स्तरमा उत्कृष्ट भएका खेलाडीहरु जिल्ला स्तरमा, जिल्ला स्तरमा उत्कृष्ट भएकालाई प्रदेश स्तरमा र प्रदेशमा उत्कृष्ट भएकालाई राष्ट्रिय स्तरमा संचालन गरिने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिता हुनेछ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता विद्यालयस्तरदेखी राष्ट्रियस्तर सम्म सञ्चालन हुँदै आएको छ । पाल्पाका तानसेन, रिब्दीकोट, माथागढीले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता गरिसकेका छन् ।

## स्वदेशी उत्पाददन ...

नेपाल उद्योग परिसैका अध्यक्ष इ वीरेन्द्र पाण्डेले निजी क्षेत्रको मनोबल खस्किएको र यो सामान्य विषय नभएको बताए । उनले भने, "निजी क्षेत्रलाई हेर्ने समग्र समाजको दृष्टिकोण नै सकारात्मक छैन । राजनीतिक अस्थिरता बढ्दा मुख्य दोषी निजी क्षेत्रजस्तो व्यवहार गरिन्छ", उनले भने ।

नेपाल चेम्बर अफ कमर्शका लुम्बिनी अध्यक्ष टंकप्रसाद पोखरेलले सरकार फेरिँदा योजना फेरिने प्रवृत्तिले निजी क्षेत्र हैरान भएको सुनाए । उद्योग वाणिज्य सै लुम्बिनीका उपाध्यक्ष कुलप्रसाद न्यौपानेले स्वदेशी उत्पादन प्रयोगको कठोर नीति नआएकामा सरकार र उपभोक्ता दुवै दोषी रहेको धारणा राखे । व्यवसायी मन्जु भुसालले निर्माण व्यवसायीले भुक्तानी र धरौटी रकम नपाएर ठूलो संकट भोगिरहेको गुनासो गरिन् । पाल्पाका उद्योगी समुद्र घिमिरेले गाउँ फर्क अभियान, रैथाने उत्पादनको ब्राण्डिङ र धार्मिक पर्यटन पुनर्जीवनको आवश्यकता औंल्याए । उद्योगी निश्चल खनालले सरकारी कार्यालयमै स्वदेशी उत्पादनलाई बेवास्ता गरिने व्यवहारप्रति प्रश्न उठाए । उद्योगी बालाराम भट्टराईले नीतिगत कमजोरीकै कारण रोजगारी र राजस्व दुवै गुम्ने अवस्था सिर्जना भएको धारणा राखे । संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले अन्तरसंवादले निराशा होइन, नीति र समन्वयको खाँचो रहेको निष्कर्ष निकालेको बताए । कार्यक्रमका अन्य सहभागीहरूले स्वदेशी उत्पादन, उद्यमशीलताको सम्मान, स्थिर नीति, अन्तरनिकायगत समन्वय र कार्यान्वयनमुखी दृष्टिकोणबिना समृद्धि सम्भव नरहेको विषयमा जोड दिएको महासचिव सुमन बस्यालले जानकारी दिए । *-रासस*

## खेलकुद समाचार

### भलिबलमा एपीएफ र खिल्जी क्वाटरफाइनलमा



**काठमाडौं**, पुस १५/ नवौं एनभीए महिला तथा पुरुष भलिबल च्याम्पियनशिपमा पुरुषतर्फ नेपाल एपीएफ क्लब र खिल्जी युवा क्लब क्वाटरफाइनलमा पुगेको छ ।त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा मंगलबार भएको पहिलो खेलमा एपीएफले मणिमुकुन्द भलिबल क्लबलाई ३-० को सोझो सेटमा हरायो । एपीएफले पहिलो सेट २५-१०, दोस्रो सेट २६-१६ र तेस्रो सेट २९-२७ ले जित्यो । यस्तै खिल्जीले पनि ढोरपाटन स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा हरायो । खिल्जीको पहिलो सेट २५-१५, दोस्रो सेट २५-१९ र तेस्रो सेट २५-२३ ले जित्यो । यसअघि रुकुम पश्चिम भलिबल क्लब, त्रिभुवन आर्मी क्लब, हेल्प नेपाल स्पोर्ट्स क्लब र नेपाल पुलिस क्लब क्वाटरफाइनलमा पुगिसकेका छन् । प्रतियोगितामा महिलातर्फको खेलमा पुलिस र एपीएफ तथा एभरेस्ट भलिबल क्लब र न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब खेल्दैछन् । यही पुस १९ गतेसम्म चल्ने प्रतियोगितामा महिलातर्फ ८ र पुरुषतर्फ १२ टोलीको सहभागिता छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### माछापुच्छ्रे बैंक र स्मार्ट पे रेमिट सम्झौता

माछापुच्छ्रे बैंक

smartpay worldwide payment services

**पाल्पा,** पुस १५/ माछापुच्छ्रे बैंक र स्मार्ट पे रेमिट्यान्स बिच सम्झौता भएको छ । बैंकले वित्तिय कारोबारका लागि साइप्रसस्थित रेमिट्यान्स सम्झौता गरेको हो ।

उसले साइप्रस, ग्रीस, पोर्चुगल र सबै युरोपेली देशबाट नेपालीलाई रेमिट्यान्स पठाउन सहज बनाउने उद्देश्यले स्मार्ट पेसँग सहकार्य गरेको छ । रेमिट्यान्स सम्झौतामा स्मार्टपेका मुख्य सञ्चालन अधिकारी स्टेफनी इसाबेल हेराक्लिओस र बैंकका नायब प्रमुख कार्यकारी अधिकृत प्रसिद्धराज अर्यालले हस्ताक्षर गरेका थिए । सम्झौतापछि युरोपेली देशमा रहेका नेपालीले साइप्रस, ग्रीस, पोर्चुगल र अन्य युरोपेली देशबाट स्मार्टपेका सबै प्रतिनिधि कार्यालय, मोबाइल एप, अनलाइन सेवामार्फत एमबीएल रेमिट गरी नेपाल पठाएको रकम सजिलैसँग बैंकका सबै शाखा र २० हजार बढी रेमिट्यान्स एजेन्टमार्फत नेपालभरि सजिलै भुक्तानी लिन सकिनेछ । स्मार्टपे र एमबीएल रेमिटमार्फत गरी पठाइएको रेमिट नेपालका जुनसुकै बैंकका खातामा तुरुन्त जम्मा हुने बैंकले बताएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई